# भारत विश्वमञ्चको रचनात्मक तथा भरपर्दो खेलाडी-हर्षवर्धन श्रृंगला

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीले ठूलो सङ्ख्यामा मानवीय क्षति पुर्‍याइरहेको छ । भारतमा पनि कोरोना संक्रमितको सङ्ख्या बढिरहेको छ । तथापि कोरोना नियन्त्रण तर्फको हाम्रा प्रभावकारी घरेलु प्रयासले संक्रमणबाट मुक्त हुने दरमा उल्लेखनीय सुधार भएको छ जुन अहिले ६८.७८ प्रतिशत रहेको छ । २.०१ प्रतिशत रहेको मृत्युदर विश्वमै सबैभन्दा कम हो ।

सुरुवाती चरणबाटै महामारीविरुद्ध लड्न लिइएको प्रभावकारी कदमहरुका कारण संक्रमणबाट निको हुनेको सङ्ख्या बढाउन तथा मृत्युदर घटाउन मद्दत मिलेको छ । भारतमा पहिलो कोरोना संक्रमितको पहिचान हुनुभन्दा १३ दिन अगाडि नै हामीले शङ्कास्पद व्यक्तिहरुको स्क्रिनिङ्ग सुरु गरिसकेका थियौं । करिब ६०० व्यक्तिहरुमा सङ्क्रमण पुष्टि हुँदा हामीले महामारीको ५५ औं दिनमा देशभर बन्दाबन्दी लागु गर्‍यौं ।

विश्व स्वास्थ्य सङ्गठनले हामीले अपनाएका जनस्वास्थ्य सम्बन्धी कदमहरुको सराहना गरेको छ । स्वास्थ्य पूर्वाधारको वृद्धि गर्न सरकारले द्रुतगतिमा कदम चालेको छ । प्रधानमन्त्री नरेन्द्र मोदीज्युले भनेझैं भारतमा अहिले ११,००० भन्दा बढी कोभिड-१९ संरचना तथा ११ लाख आइसोलेसन बेडको व्यवस्था गरिएको छ । एकदिनमा करिब ५ लाख टेस्ट गर्दै आएकोमा छिट्टै नै त्यो सङ्ख्यालाई बढाएर १० लाख पुर्‍याउने हाम्रो लक्ष्य छ ।

भारतको प्रयास हाम्रा घरेलु आवश्यकताहरु पुरा गर्नमा मात्र सीमित छैन । विश्वव्यापी परिस्थितिले माग गरेको नेतृत्व प्रदान गर्न हामी अन्तर्राष्ट्रिय समुदायसँग उल्लेख्य रुपमा संलग्न भएका छौं । विश्वव्यापी स्वास्थ्य आपूर्तिमा एउटा जिम्मेवार सरोकारवालाको रुपमा आफ्ना घरेलु आवश्यकता पुरा गर्दै हामीले विश्वका १५० भन्दा बढी राष्ट्रहरुका लागि आवश्यक औषधि र चिकित्सा सामग्रीहरुको समयमै उपलब्धताको सुनिश्चित गरेका छौं । हामीले माल्दिभ्स, मोरिसस, कोमोरोस र कुवेतमा चिकित्सा टोली खटाएर यस महामारीविरुद्ध जुझ्न सहयोग पुर्‍याई मानवीय सङ्कटको बेला पहिलो सहयोगकर्ता हौं भन्ने हाम्रो भनाइलाई चरितार्थ गरेका छौं । भारतले माल्दिभ्स, मोरिसस, सेसेल्स, माडागास्कर र कोमोरसमा नौसेना सहयोग पठाएको छ । यसले पनि सबै क्षेत्रका लागि सुरक्षा तथा विकास भन्ने हाम्रा प्रधानमन्त्रीज्युको दृढ प्रतिबद्धतालाई उजागर गरेको छ ।

कोभिड-१९ सम्बन्धी स्वास्थ्य सामग्रीको प्रमुख आयातकर्ता हुनुका साथै प्रमुख निर्यातकर्ताको रुपमा पनि हामीले आफ्नो पहिचान बनाएका छौं । आज हामी प्रत्येक दिन पाँच लाखभन्दा बढी पीपीई किट तथा तीन लाखभन्दा बढी एन-९५ मास्क उत्पादन गर्छौं । उत्पादनलाई उल्लेखनीय रुपमा वृद्धि गर्न हाम्रो प्रणालीले आवश्यक अनुकूलता तथा दक्षता देखाएको छ ।

विदेशमा अलपत्र परेका भारतीय नागरिकको उद्धार र भारतमा अलपत्र परेका विदेशी नागरिकलाई स्वदेश फिर्ता पठाउने काम कोभिड-१९ नियन्त्रण तर्फको सफल तथा सबल पक्षको रुपमा रहेको छ । सुरुका दिनहरुमा विदेशमा रहेका भारतीय नागरिकलाई सहयोग गर्न हेतु विदेश मन्त्रालयले कोभिड सेल तथा सातै दिन चौबिसै घण्टा कन्ट्रोल रुमको स्थापना गरेको थियो । प्रधानमन्त्रीज्यु स्वयम्ले विदेशमा रहेका

नियोग प्रमुखहरुलाई अलपत्र परेका हाम्रा नगरिकहरुलाई सक्दो सहयोग गर्न निर्देशन दिनुभएको थियो । तत्पश्चात विदेशमा रहेका हाम्रा नागरिकलाई स्वदेश ल्याउन सुरु गरिएको 'वन्दे भारत मिसन' अहिलेसम्मकै सबैभन्दा ठूलो प्रयास हो जुन सरकारले गरिरहेको छ र यसले जटिल मानवीय सहायता मिसन प्रभावकारी रुपमा सञ्चालन गर्न सक्ने हाम्रो क्षमतालाइ प्रमाणित गरेको छ । यस अभियान अन्तर्गत दश लाखभन्दा बढी भारतीयहरु जल, स्थल र हवाई मार्गबाट स्वदेश फर्कन सफल भएका छन् । हामी स्वदेश भन्दा धेरै टाढा रहेको भारतीय नागरिकहरुलाई स्वदेश ल्याउन सफल भएका छौं । साथै हामीले 'वन्दे भारत उडान' मार्फत भुटानी तथा नेपाली नागरिकलाई तेस्रो मुलुकबाट स्वदेश फर्कन सहयोग गरेका छौं ।

हाम्रा कुटनीतिक नियोगहरुले स्वदेश फर्केका नागरिकहरुमा कडाइका साथ गरेको स्क्रिनिङ्गले संक्रमितको संख्यालाई नियन्त्रण गर्न ठूलो सघाउ पुऱ्याएको छ । फर्केका नागरिकहरुमा स्वास्थ्य मन्त्रालय तथा प्रदेश सरकारहरुले सञ्चालन गरेको परीक्षणले नयाँ संक्रमितलाई पहिचान गर्न मद्दत पुऱ्याएको छ । हाम्रो मिसन यतिमा मात्र सिमित छैन । उनीहरुको सीप निक्यौल गर्दै विविध कम्पनीहरुमा रोजगारीको अवसर प्रदान गर्न हामी प्रयासरत छौं ।

विश्वव्यापी महामारीको समयमा पनि हाम्रो कुटनीतिक सम्पर्क तथा सहायतामा कुनै कमी आउन दिएका छैनौं । हामीले विश्वव्यापीरुपमा महत्वपूर्ण साक्षात्कार एवम् संवादलाई अघि बढाएका छौं । महामारी संकटको सुरुवाती दिनमा प्रधानमन्त्रीज्युले भिडियो कन्फरेन्समार्फत सार्क राष्ट्रका नेताहरुसँग गर्नुभएको बैठकले हाम्रो 'छिमेकी पहिले' नीतिलाई झन् सशक्त बनाएको छ । महामारी नियन्त्रणका लागि विभिन्न उपायहरुको चर्चा गर्दै उहाँले १० करोड अमेरिकी डलरको कोभिड-१९ आपत्कालीन कोषको स्थापना गर्ने घोषणा गर्नुभयो । हामीले भविष्यमा हुनसक्ने विश्व्यापी संकटलाई नियन्त्रण गर्न सुदृढ बहुपक्षीय प्रयासमा जोड दियौं । जी-२०, असंग्लग्न आन्दोलन सम्मेलन लगायत विभिन्न मञ्चहरुबाट प्रधानमन्त्रीज्युले जनतालाई हाम्रा प्रयासको केन्द्रमा राखी बहुपक्षीय सहकार्यलाइ थप सुदृढ पार्नुपर्ने आवश्यकता औंल्याउनुभयो । हामीले अघि सारेका International Solar Alliance र Coalition for Disaster Resilient Infrastructure यस कदमको प्रयासका रुपमा रहेका छन् । जी-२० बैठकले विकासशील राष्ट्रहरुलाई प्रदान गरिने विलम्ब ऋण सेवालाई जनता केन्द्रित कदमको रुपमा लिन सकिन्छ । Global Vaccine Summit मा प्रधानमन्त्रीले महामारी नियन्त्रणमा विश्व्यापी रुपमा औषधी वितरण प्रयासमा भारतले गरेको योगदान कसरी हाम्रो वसुधैव कुटुम्बकम्‌को दर्शन अनुरुप रहेको छ भन्ने कुराको चर्चा गर्नुभयो । प्रधानमन्त्रीज्युले अष्ट्रेलियासँग पहिलो द्विपक्षीय भिडियो सम्मेलनको आयोजना गर्नुभयो । त्यसपछि उहाँले भारत-युरोपियन युनियन सम्मेलनमा भाग लिनुभयो । हालसम्म प्रधानन्त्रीज्युले ६१ देशका समकक्षीसँग वार्ता गरिसक्नु भएको छ । त्यस्तै विदेश मन्त्रीज्युले पनि ७७ देशका विदेश मन्त्रीहरुसँग कुरा

गरिसक्नुभएको छ । विभिन्न मुलुकसँगको साझेदारीलाई मजबुत बनाउन र कुटनीतिक सम्पर्क आवश्यक पर्ने अवस्थासँग जुध्न हामीले डिजिटल सम्पर्कका सबै माध्यमलाई खुला गरेका छौं ।

परिवर्तित वास्तविकतासँग अगाडी बढ्न र नयाँ परिस्थितिसँग जिउन हामी अनवरत प्रयासमा छौं । यस तर्फको हाम्रो प्रयासमा भारतको छविलाई विश्व मञ्चमा रचनात्मक तथा भरपर्दो खेलाडीको रुपमा स्थापित गर्न सफल भएका छौं ।